बौद्ध मासिक

# धर्म चक्षु




# DHARMA CHAKSHU

मूल्य रू. १५/-

नेपालका राष्ट्रिय विभूति, शान्तिका अग्रदूत

तथा

एशियाका प्रकाश

## शाक्यमुनि भगवान गौतम बुद्धको

## २५४९ औं जन्म जयन्तीको उपलक्ष्यमा

अहिंसात्मक धर्मको मर्म सबेले बुझोस् र

छिटो हत्या, हिंसा र प्रतिहिंसाका घटनाको अन्त होस्

सबैले शान्ति, सुरक्षा र अमन चैनको अनुभूति गर्न पाऊन्

## यही हार्दिक शुभकामना छ ।



## होटल फेवा प्रिन्स प्रा. लि.

कुँडहर, पोखरा

# धर्म चक्षु

THE DHARMA CHAKSHU

A Buddhist Monthly Pokhara, Nepal

वर्ष - ८, अङ्क ३, पूर्णाङ्क - ३९

जेठ - २०६२

ने.सं. ११२५ / May.: 2005

धर्मशिला बुद्ध विहार,

धर्मशिला मार्ग, नदीपुर, पोखरा

**प्रकाशक / प्रधान सम्पादक**

भिक्षु श्रद्धानन्द,

०६१-५२०५१७

**व्यवस्थापक**

अनागारिका कर्मशिला

(संस्थापिका, धर्मशिला विद्वत वृत्ति)

**सह व्यवस्थापक**

युवा बौद्ध संघ

*(विकाशरत्न शाक्य, चेतन सिं ताङ्वे, बलराम लामा)*

**काठमाडौं प्रतिनिधि**

सविता धाख्वा

**सहयोगीहरु**

याम कुमारी गुरुङ्ग, बलबहादुर अधिकारी, सनकमान सी.के.

**सम्पर्क कार्यालय**

सम्पादक : तिलकमान गुभाजू

१४४ - नयाँ बजार, पोखरा - ८

०६१:- ५२०२४६

**मुद्रण**

हिमालय अफ्सेट प्रेस, नयाँ बजार

फोन नं. ५२०६५१

(ये अंकको प्रायोजन बुद्ध जयन्ती मूल समारोह समिति कास्कीबाट भएको हो।)


**सम्पादकीय...............................................**

## २५४९ औं बुद्ध जयन्तीको उपलक्ष्यमा सुख, शान्ति र कल्याणको कामना

शान्तिका अग्रदूत भगवान बुद्धको जन्म, बुद्धत्व प्राप्ति र महापरिनिर्वाण जस्ता महत्वपूर्ण संयोगहरु बैशाख पूर्णिमाकै दिन परेकोले हुँदा यस दिनलाई बुद्ध जयन्तीका रुपमा मनाउने गरिएको छ । हाम्रो देशमा यस दिनलाई शान्ति दिवसको रुपमा मनाउने गरिएको छ । हत्या, हिंसा, र आतङ्क फैलिएको वर्तमान अवस्थामा यस दिवसको महत्व अरु बढेको छ । बुद्धको मैत्री, करुणा र अहिंसात्मक शिक्षाको आवश्यकता टड्कारो खड्किएको छ । यो शिक्षालाई उपेक्षा गरी अझ पर सार्ने र भोलि ग्रहण गरौंला भन्ने बेला यो होइन । यसको सान्दर्भिकता र अत्यावश्यकतालाई हेर्दा हामी प्रत्येकले एकै स्वरले भन्नु परेको छ– बुद्धम् शरणम् गच्छामि ।

बुद्धलाई शान्तिका अग्रदूत, अहिंसाका पूजारी तथा एशियाका प्रकाश भन्ने गरिएको छ । मानव सभ्यताको इतिहासमा नै पहिलो पटक यस्तो विशिष्ट विशेषण प्राप्त गर्न सफल भएकोले उनको धर्म विश्वमा बढ्दै गएको हो । विश्व संस्था संयुक्त राष्ट्र संघले पनि त्यसको आवश्यकता महशुस गरेर भगवान बुद्धको जन्मस्थल लुम्बिनीको विकासमा प्रत्यक्ष संलग्न भै शान्तिका कृयाकलापमा सहभागी भएको छ । तर बत्ती मुनि अँध्यारो भने झैं बुद्ध जन्मेकै देश नेपालमा यसको प्रचार प्रसारले गति लिन सकेको छैन ।

केही कृयाकलाप भएका छन् । तर तिनीहरु मध्ये अधिकांशत निश्चित दायरामा सीमित छन् । सीमित दायरा भित्र भएका काम कुराको प्रभाव र परिणाम पनि सीमित हुनु स्वभाविकै हो । यहि कुरालाई दृष्टिगत गरेर सामूहिक किसिमले काम गर्नुपर्ने खाँचो टड्कारो देखिएको छ । त्यही खाँचो महशुस गरेर विगत वर्ष देखि बुद्ध जयन्ती भव्यताका साथ मनाउन सामूहिक प्रयास भएको छ । सामूहिक समिति पनि निर्माण भएको छ र सोही समितिको आयोजनामा जेष्ठ ९ गते पूर्णिमाको दिन शान्तिका लागि सद्भाव भन्ने नारा का साथ शान्ति पदयात्रा र धर्म सभाको आयोजना गरिएको छ । सो पदयात्रा र धर्म सभामा सहभागी भै पुण्य संचय गर्नुहुन तथा धर्मको प्रबर्द्धन गर्ने कार्यमा सहयोग पुऱ्याउन विनम्र अनुरोध गर्दछौं ।

अन्तमा हामी यो २५४९ औं बुद्ध जयन्तीको उपलक्ष्यमा हाम्रा सबै पाठक, लेखक, विज्ञापनदाता लगायत सबैको सुख, शान्ति र कल्याणका लागि हार्दिक मङ्गलमय कामना गर्दछौं ।

हत्या, हिंसा र प्रतिहिंसा फैलिरहेको यस घडीमा

भगवान बुद्धको मैत्री, करूणा र

अहिंसाको शिक्षा स्मरण गरी

शान्तिको मार्गमा लाग्न यो बुद्ध जयन्तीले सबैलाई प्रेरित गरोस्,

**यहि हाम्रो शुभकामना छ।**

| | |
|---|---|
| श्रीमती हेमलक्ष्मी बज्राचार्य<br>मोहरिया टोल | श्रीमती चन्द्रलक्ष्मी बुद्धाचार्य<br>मोहरिया टोल |
| सुश्री शान्तलक्ष्मी बुद्धाचार्य<br>मोहरिया टोल | सुश्री सुश्री सुर्यमाया बज्राचार्य<br>मोहरिया टोल |
| श्रीमती तुमलादेवी बुद्धाचार्य<br>मोहरिया टोल | श्रीमती चन्द्रावती उदास<br>नदीपुर |
| श्रीमती कमला बुद्धाचार्य<br>मोहरिया टोल | श्रीमती राजेश्वरी स्थापित<br>नदीपुर |
| श्रीमती गौतमी बुद्धाचार्य<br>मोहरिया टोल | श्रीमती सरस्वती बुद्धाचार्य<br>मोहरिया टोल |
| श्रीमती कृष्ण कुमारी शाक्य<br>नयाँ बजार | श्रीमती चन्द्रलक्ष्मी गुभाजू<br>नयाँ बजार |
| श्रीमती वसन्ती बज्राचार्य<br>नदीपुर | श्रीमती पञ्चलक्ष्मी बुद्धाचार्य<br>मोहरिया टोल |
| श्रीमती थमन कुमारी शाक्य<br>नदीपुर | श्रीमती लालकुमारी बज्राचार्य<br>दीप |

# तथागत र उहाँको शिक्षा दिने शैली

-छत्रराज शाक्य

सिद्धार्थ कुमारको जन्म ईशा पूर्व ५६३ वैशाख पूर्णिमाको दिन हाम्रो देश नेपालको दक्षिण तराई प्रदेशमा पर्ने लुम्बिनीमा भएको थियो । २९ वर्षको उमेरमा उहाँले महाभिनिष्क्रमण अर्थात आफ्नो कपिलवस्तुको राजदरबार श्रीसंपत्ति संपूर्ण त्याग गर्नु भई सांसारिक दुःखबाट मुक्ति पाउने सत्य ज्ञानको खोजमा लाग्नु भयो । उहाँले आलारकालम, उद्दकरामपुत्र जस्ता त्यसबेलाका प्रख्यात पण्डितहरुबाट शिक्षा प्राप्त गर्नु भई, ध्यान साधना सिक्नु भयो । तर त्यो शिक्षा र साधनाबाट भित्री अन्तरमनको गहिराईमा रहेका राग द्वेष लोभ मोह जस्ता अनुशाय क्लेश निर्मूल हुन नसक्दा, निर्वाण वा मोक्षमा पुग्न नसकिने कुरा थाहा पाउनु भई ती सबैलाई परि त्याग गरेर सो स्थलबाट स्वयं आफूले ज्ञान प्राप्त गर्न अगाडि बढ्नु भयो । करिब ६ वर्षसम्म अनेक मुनि गुरुहरुबाट शिक्षा ज्ञान हासिल गर्दै ध्यान तपस्या गर्नु हुँदै, अन्तमा भारतको उरुबेला बुद्ध गयामा बोधिवृक्ष मुनि विपश्यना ध्यानमा बस्नु भयो । ईशा पूर्व ५२८ को बैशाख पूर्णिमाको रातको प्रथम याममा पूर्वजन्मको कुराहरु थाहा पाउने पूर्वानुस्मृति ज्ञान, दोश्रो याममा उत्पत्ति विनाश हुने च्यूत्योपत्ति ज्ञान र तेस्रो याममा प्रतीत्यसमुत्पाद सम्बन्धी आश्रवक्षय ज्ञान प्राप्त गर्नु भई सम्यक सम्बुद्ध बन्नु भयो ।

त्यसपछि वाराणसीको सारनाथ मृगदावनमा पहिलो पटक पाँचजना पंच भद्रवर्गीय भिक्षुहरुलाई चार आर्यसत्य (Four Noble Truths), आर्य अष्टांगिक मार्ग (Noble Eightfold Path) र प्रतीत्य समुत्पाद (The Doctrine Of Dependent Origination) सिद्धान्तको धर्मोपदेश दिनुभई धर्मचक्र प्रवर्तन (Preaching Of the Dhamma) गर्नुभयो । त्यसपछि भगवान बुद्धले आफ्नो जीवनको ४५ वर्षसम्म नेपाल र भारतको गाउँ नगर भ्रमण गर्नु भई मोक्ष वा निर्वाणमा पुग्ने मानव धर्मको उपदेश दिनु हुँदै, अन्तमा ८० वर्षको उमेरमा ईशापूर्व ४८३ वैशाख पूर्णिमाकै दिन भारतको कुशीनगरमा महापरिनिर्वाण हुनुभयो ।

विश्वमा बुद्धलाई धेरै नामबाट सम्बोधन गरिन्छ । राग, द्वेष, मोह, क्रोध, लोभ आदि संपूर्ण क्लेशहरुलाई मानवको अरि वा शत्रु मानिन्छ । ती सबै क्लेशहरु अरि लाई हन्त, नाश वा निमूर्ल गर्नु भएको हुँदा उहाँलाई अरहन्त वा अरहत भनिन्छ । गौतम गोत्रको कारणले गौतम बुद्ध भनिन्छ । शाक्य कुलमा जन्मनु भएको हुँदा "शाक्यमुनि बुद्ध" पनि भनिन्छ । धर्मलाई स्वयं बुझ्ने, आफू मुक्त वा निर्वाण हुने र अरुलाई पनि मुक्ति दिलाउन मार्गदर्शन गर्न सक्ने क्षमतावान भएको हुँदा उहाँलाई "सम्यक सम्बुद्ध" भनिन्छ । भगवान बुद्ध सुगतिमा लागेको हुँदा "सुगत", प्राणीहरुको सत्व लोक भौतिक वस्तु र मन सम्बन्धी सङखा लोक र सत्व प्राणीहरु बस्ने ओकास लोक, गरी तीनवटै लोकको संपूर्ण कुराहरुको ज्ञाता भएकाले "लोकविद्" देव र मनुष्यहरुको पनि गुरु भएको हुँदा "सत्या देव मनुसानं", चार आर्य सत्य सबै लोक धर्म बुझ्ने ज्ञान प्राप्त गर्नु भएको हुँदा "बुद्ध", संपूर्ण कुराहरुको ज्ञाता भएकाले "सर्वज्ञ", र ऐश्वर्य, धर्म यश, सिरि भाग्य, मनोकामना र प्रयत्न आदि ६ वटा भाग्यहरबाट परिपूर्ण हुनु भएको हुँदा उहाँलाई "भगवान" भनिएको हो ।।

भगवान बुद्धलाई पाली भाषामा "सत्या देव मनुसानं भनिएको छ, जसको अर्थ "देव र मनुष्यको गुरु-शिक्षक" हुन जान्छ । लोकीय र परलौकिक धर्मलाई अनुभवद्वारा बुझी मनुष्यलाई सुख शान्ति, आनन्दमय जीवनयापनको लागि र मनुष्य र देवगण समेतलाई निर्वाण वा मोक्षको मार्गदर्शन गरि शिक्षा दिन सक्ने महान आध्यात्मिक मार्गदर्शक गुरुको रुपमा मानिएको छ ।

शाक्यमुनि बुद्ध महान एवं आदर्श धर्मोपदेशक, उपदेशक, गुरु शिक्षक हुनुहुन्थ्यो । तथागतले मानिसहरुको मनोदशा, मनस्थिति, अवस्था, व्यक्तिको

बुझ्न सक्ने क्षमता आदि संपूर्ण कुराहरुको विचार गरि मनोवैज्ञानिक एवं विभिन्न उपमा दिएर, प्रतिप्रश्न गरेर, केही काम गर्न लगाएर, व्यवहारिक शिक्षा दिनु हुन्थ्यो । व्यक्तिको आवश्यकता अनुसार सरल, सुस्पष्ट, फलदायी एवं प्रभावकारी शैलीबाट शिक्षा दिनु हुन्थ्यो । जसले गर्दा दुख पाएका व्यक्तिहरुले तत्काल दुख समस्याबाट मुक्ति पाएको अनुभूति गर्दथे । त्यसपछि बुद्धको शरणमा गई भिक्षु जीवनयापन गरि आध्यात्मिक मार्ग अनुशरण गरि मार्गफल लाभि अर्थात श्रोतापत्ति, सकृदागामी, अनागामी र अरहन्त भएका बुद्धकालीन धेरै घटना, उदाहरणहरु बौद्ध ग्रन्थहरुमा पाइन्छ । भगवान बुद्धले आफ्नो जीवनकालमा केही व्यक्तिहरुलाई दिनु भएको उपदेश र शिक्षाको घटनालाई संक्षिप्त रुपमा प्रस्तुत लेखमा चर्चा गर्न खोजिएको छ ।

बुद्धकालमा भारतमा चार ठूला राज्यहरु मध्ये कोशल पनि एक थियो । कोशल राज्यको राजधानी श्रावस्ती (वर्तमान उत्तर प्रदेशको गोंडा जिल्लाको सहेर महेरस्थल) थियो र राजा प्रसेनजितले शासन गर्दथ्यो । राजा प्रसेनजितको पुरोहित गार्ग्य र श्रीमती मैत्रायणीको कोखबाट जन्मेको अहिंसक नामक छोरा थियो । छोराको शिक्षा दीक्षाको लागि तिनताकको प्रसिद्ध शिक्षास्थल तक्षशिला (वर्तमान रावलपिण्डी, नजिक पाकिस्तान) मा पठाएको थियो ।

अहिंसक तिक्ष्ण बुद्धि भएको, होनहार र आज्ञाकारी विद्यार्थीको रुपमा अध्ययन गर्दै थियो । गुरुले पनि अहिंसकको प्रशंसा गर्ने, अरु विद्यार्थीहरुलाई गाली गर्ने हुँदा सबै विद्यार्थी मिलेर अहिंसक प्रति द्वेषभाव राखी षडयन्त्र गरी गुरुलाई सिकायत गरे । तिनीहरुले अहिंसकको गुरुआमा सँग नराम्रो सम्बन्ध छ भनेर गुरुलाई भने । गुरुले पहिले त पत्याएन तर एकदिन गुरुआमाले स्नेहपूर्वक अहिंसकसँग कुरा गरि रहेको देखेर सो कुरा माथि विश्वास गऱ्यो । गुरु अहिंसक सित रिसायो । गुरुले उनलाई मार्ने निधो गरेर भन्यो-"अहिंसक तिमी साँच्चिकै गुरुभक्त विद्यार्थी हौ भने मलाई एक हजार मानिसको औंला गुरु दक्षिणाको रुपमा चढाउ भनेर आदेश दियो ।

बिचरो अहिंसकलाई ठूलो आपत आइलाग्यो । रोइ कराइ गुरुसित अनुनय विनय गऱ्यो तर गुरु मानेन । अन्तमा गुरु भक्ति कारणले हतियार लिएर जंगल तिर लागेर भेट भएका मानिसहरुको हत्या गरेर, औंला काट्दै उनेर माला लगाउँदै अगाडी बढ्दै गए । उनको डरलाग्दो हिंसक रुपको नगर गाउँ सबै ठाउँ खबर हावा जस्तै फैलियो । अब उसको नाम "अंगुलिमाल डाँकु" हुन गयो । उनको नाम सुन्ने वित्तिकै सबै मानिस भयले काप्दथे ।

त्यस समयमा भगवान बुद्ध र श्रावस्तीको जेतवन विहारमा बस्नु हुन्थ्यो । एकदिन भोजन ग्रहण गर्नु भएपछि गौतम बुद्ध, जहाँ अंगुलिमाल डाँकु थियो, उतै जानु भयो । बाटोमा कृषक यात्रुहरुले भगवान बुद्धलाई त्यसतर्फ डरलाग्दो डाँकु अंगुलिमाल छ, जसले २०,३० जति मानिस जान्छ मारेर औंला काटेर माला लगाउँदछ, अत हे श्रमण गौतम , त्यसतर्फ नजानुस् भने । तर गौतम बुद्ध मौन धारण गरेर जानु भयो । डाँकु अंगुलिमालले एकजना पहेंलो बस्त्र धारण गरेको व्यक्ति आउँदै गरेको देखेर आश्चर्य मान्यो । मानिसहरु २०,३० जनाको हुल म कहाँ आउन डराउँछन् । यो व्यक्ति एक्लै मतिर आइरहेको छ । के यसले मलाई तिरस्कार गर्दैछ ? म यसलाई पनि मार्दछु भनेर तरवार लिएर अगाडि बढ्यो । भगवान बुद्धले आफ्नो ध्यान बल प्रकट गरेर विस्तारै अगाडि बढ्दै जानु भयो । तर डाँकु अंगुलीमाल दौड्दै थियो । अंगुलिमालको मनमा कुरा उठ्यो, आश्चर्य छ, अद्भूत छ, म यसरी दौडीरहेको छु तैपनि श्रमणलाई भेट्टाउन सकिएको छैन । त्यसपछि उनी एक ठाउँमा उभिएर भगवानलाई भन्यो, श्रमण ! स्थित भएर उभिनु । भगवान बुद्धले भन्नुभयो- "म स्थित (उभिएको) छु । अंगुलिमाल तिमी स्थित होउ ।" डाँकु अंगुलिमालले विचार गऱ्यो, श्रमणहरु त सत्यवादी हुन्छन्, तर यो श्रमणले त हिंड्दै गरेर पनि स्थित छु भन्छ । के कति कारणले यस्तो भन्यो, सोध्नु पऱ्यो भनेर सोध्यो । हे श्रमण ! तपाई हिंड्दै गरेर पनि स्थित (उभिएको) छु भन्नु हुन्छ, म स्थित उभिएको छु । तैपनि अस्थिर छ भन्नु हुन्छ किन ? भगवान बुद्धले उनलाई स्नेहपूर्वक सम्झाउँदै भन्नु भयो, अंगुलिमाल ! मैले सबै प्राणीहरु प्रति दंड एवं हिंसा कर्म त्यागी

सकेको छु, अत म स्थित छु, तर तिमीले मानिसहरुको हत्या, हिंसा गर्दैछौ, त्यसैले तिमी अस्थित छौ। भगवान बुद्धको यो वाक्य प्रति एकछिन गंभीर भएर उनले बिचार गऱ्यो । उनलाई होस आयो । गलत बाटोमा लागेकोमा पश्चाताप भयो । उनले भगवान बुद्धवारे सुनेको थियो । उहाँ पक्कै पनि भगवान बुद्ध हुन पर्दछ भन्ने कुरा थाहा पायो । अंगुलिमालले हातको तरवार फ्याँकी तुरुन्त भगवान बुद्धप्रति वन्दना गरी, शरण परी क्षमा माग्यो । क्षणभरमा नै अंगुलिमालको हृदय परिवर्तन भयो । उनले भिक्षु बन्ने इच्छा प्रकट गऱ्यो । करुणामय भगवान बुद्धले "आउ तिमी भिक्षु भयो" भन्नु भयो र डाँकु अंगुलिमाल अब भिक्षु बनेर बुद्धको शरणमा जानु भयो ।

एकदिन भिक्षु अंगुलिमाल पिण्डपात्र लिएर भिक्षाटनको लागि श्रावस्तीको बजारमा निस्कनु भयो । उहाँलाई पहेंलो चिवरमा देख्ने वित्तिकै श्रावस्तीवासीहरुले यो डाँकु अंगुलिमाल हो भनि कसैले ढुङ्गाले हाने, कसैले दाउरा, लाठीले हिर्कायो । अंगुलिमालको शरीर र टाउकोमा धेरै ठाउँमा चोट घाउ लाग्यो र रगत बग्न थाल्यो । तैपनि उनी साँच्चिकै अहिंसक भएर कसैलाई केही भनेन, केही गरेन, बिल्कुलै शान्त भएर सहँदै अगाडि बढ्यो । भगवान बुद्धको शान्तिको उपदेश र शिक्षाले उसलाई गहिरो रुपमा प्रभाव पारेको थियो । प्रत्येकले ढुङ्गा हान्दा उसले मनमा मैत्री जगाई उनीहरुको मंगल कल्याण कामना गर्दै हिड्दै थियो । अन्तमा भिक्षु अंगुलिमाल शरीर भरि घाउ र रगत लिएर भगवान बुद्धको निवासमा जानु भयो र शान्त भएर उभिरह्यो । बुद्धले स्थिति सबै बुझ्नु भयो र अंगुलिमाल लाई भन्नु भयो । अंगुलिमाल ! तिमीले गरेको हत्या र हिंसाको विपाक (फल) अर्को जन्म सम्म पनि भोग्नु पर्ने थियो, तर यही जन्ममा भोग्यौ, सहिष्णु भएर सबै प्रति मैत्री राख्यौ, तिम्रो कल्याण भएको छ । साधु । साधु ॥ साधु ॥।

एक समय कपिलवस्तु राज्यको शाक्यहरु र कोलिय राज्यको (वर्तमान रुपन्देही जिल्ला बुटवल नगरबाट १०-१२ किमी पूर्व) कोलियहरुबीच, सिमानामा पर्ने रोहिणी नदिको पानी खेतीमा सिंचाई गर्न लग्ने विषयमा झगडा हुन थाल्यो । कोलियहरुले भने "दुबैतिर पानी लग्दा दुबैलाई सिंचाई गर्न पुग्दैन, अतः हामीले लग्छौं, हामीलाई देउ ।" शाक्यहरुले पनि हामीलाई देउ भन्न थाले । विवाद चर्कदै गई दुबै राज्यहरु युद्ध गर्न तयार भए । भगवान बुद्धले शाक्य र कोलिय बीच युद्ध हुन लागेको कुरा सुनेर दुबै आफ्ना कुटुम्वहरु प्रति करुणा भाव राख्नु भई युद्ध रोक्नलाई रोहिणी नदिको किनारामा जानु भई एउटा रुखमुनि बसि राख्नु भयो । दुबै राज्यका सेनाहरु युद्ध गर्न आइपुग्दा, भगवान बुद्धलाई रुख मुनि देख्दा दुबै तर्फका सेनाहरुले भगवानलाई वन्दना गरे । बुद्धले दुबै पक्षलाई प्रश्न गर्नुभयो । के को लागि युद्ध गर्न लागेको ?

सेनापतिहरुले जवाफ दिए- रोहिणी नदिको पानीको लागि ।

बुद्धले सोध्नु भयो- पानीको मूल्य कति छ ?

"केही पनि छैन" जवाफ दिए ।

बुद्धले पुनः प्रश्न गर्नु भयो- शाक्य र कोलिय क्षत्रियहरुको मूल्य कति छ ?

भगवान ! अमूल्य छ भनि उत्तर दिए ।

बुद्धले भन्नु भयो - त्यसो भए तिमीहरु मूल्यरहित पानीका लागि अमूल्य क्षत्रियहरुको एक आपसमा युद्ध गरेर नाश गर्न लागेका छौं । हिंसालाई त्याग । एक अर्का सित युद्ध गर्ने विचारलाई त्याग । तिमीहरु दुबै एक अर्काका नाता कुटुम्ब हौ, एक आपसमा मिलेर बस्नु, दुबैलाई लाभ हुनेछ भनि सम्झाउनु भयो ।

दुबै पक्षहरुले आपसमा कुरा गरि युद्धलाई त्यागे । तिनीहरु एक आपसमा युद्ध गरेको भए धेरै मर्ने थिए । त्यसैले दुबै पक्षले यो कुरा महशुस गरि दुबै पक्षबाट २५० गरि जम्मा ५०० जना भगवान बुद्धको शरण गई भिक्षु बनेका थिए ।

बुद्धकालमा नै श्रावस्तीको एक गाउँमा किसा गौतमी नामक कन्या गरीब कुलमा जन्मी दुःखमा हुर्केकी थिइन । तरुनी भएपछि उनको श्रावस्तीको एक धनी ब्यापारी सित बिवाह भयो । उनलाई गरीब कुलकी भनेर घरको सबैले हेला गर्दथे । केही समय पछि उनले एउटा छोरा जन्माइन । त्यसपछि सबै परिवारले उनलाई माया स्नेह गर्न थाले । तर केही समय

पछि उनको छोराको मृत्यु भयो। किसा गौतमी ज्यादै दुःखी भइन्। रुँदै विलाप गर्दै छोराको लाश बोक्दै बजारमा हिड्न थालिन। उनी होस गुमाउँदै विह्वल अवस्थामा पुगीन्। सबै सित "छोरालाई बचाउने औषधी दिनुहोस्।" भन्दै हिडिन्। मानिसहरुले उनलाई बुद्ध कहाँ जान सल्लाह दिए। अन्तमा उनी श्रावस्तीको जेतवन बिहारमा पुगी बुद्धसित प्रार्थना गरीन् - भगवान! मेरो छोरालाई बचाउने औषधी दिनुहोस्।" भगवान बुद्धले उनी प्रति करुणा राखी स्नेहपूर्वक संझाउँदै भन्नु भयो -"किसा गौतमी! म सित औषधी छैन। औषधी बनाउन तिमीले एक मुठी सरस्यू, आजसम्म कोही नमरेको घरबाट लिएर आउनु।" किसा गौतमी तुरुन्त त्यहाँबाट उठीन् र बच्चाको लाश बोक्दै श्रावस्तीको बजारमा घर घरमा सरस्यूं माग्दै हिडिन्। साथै यो घरमा कोहि मरेको छ कि छैन भन्दै सोध्थीन्। कसैले बाबु, कसैले आमा, बच्चा मरेको भन्दथे। प्रत्येक घरबाट मरेको जवाफ सुन्दा उनलाई होस् आयो। ओहो! मानिस भएर जन्मे पछि एकदिन ढिलो चाँडो मरिहाल्दछ। त्यसपछि बुद्धको कुटीमा पुनः फर्केर भगवानलाई वन्दना गरेर बसीन्। बुद्धले उनीलाई होस आएको थाहा पाउनु भयो।

भगवान बुद्धले किसालाई उपदेश दिनु भयो - यो लोकमा सबै अनित्य छ। क्षणभंगुर छ। नाशवान छ। प्रत्येम मनुष्य जन्म लिन्छ। मर्दछ। भौतिक वस्तु सबै नाशवान छ। यो लोकमा प्रत्येक कुरा जो उदय (उत्पन्न) हुन्छ, व्यय (नाश) हुन्छ। शरीर भित्र पनि उदय व्यय भइरहन्छ। यो उदय व्यय नदेखेर सय वर्ष बाँच्नु भन्दा उदय व्यय देखेर एकदिन बाँच्नु वेश हुन्छ।

यो चे वस्ससतं जीवे - अपस्सं उदयव्ययं।
एकाहं जीवितं सेय्यो-पस्सतो उदय व्ययं॥

भगवान बुद्धको उपदेश सुनेर किसा गौतमीको धर्म चक्षु, ज्ञान चक्षु खुल्यो। तत्काल उनी भगवानको शरणमा गई भिक्षुणी भइन्। ध्यान भावना गर्दै गइन अनि केही समय पछि अरहत भइन्। साधु। साधु॥ साधु॥।

"भवतु सब्ब मंगल"


## शान्ति, मैत्री र करुणाका प्रतिमूर्ति

# भगवान बुद्धको २५४९ औं जयन्तीको

उपलक्ष्यमा देशमा हत्या, हिंसा बन्द भै सुख शान्ति छाओस्

## यही हार्दिक शुभकामना छ।

**राजेन्द्र लालचन**

अध्यक्ष

**पोखरा उद्योग वाणिज्य संघ**

**गैह्रापाटन**

फोन: ५२०२६४, ५२२२६४ फ्याक्स: ५२१०८४

शान्ति नायक भगवान बुद्धको
२५४९ औं जन्म जयन्तीको उपलक्ष्यमा सबैको सुख, शान्ति र समृद्धिको हार्दिक कामना गर्दछौं ।

लालचन प्लाजा
चिप्लेढुंगा
प्रो. नरेन्द्रमान लालचन, फोनः ५२१७१४

शान्तिका अग्रदूत भगवान बुद्धको २५४९ औं जन्म जयन्तीको
यस पावन उपलक्ष्यमा सबै नेपालीहरुको सुख, शान्ति र कल्याणको
मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

श्री ईश्वरलाल हिराचन
अध्यक्ष तथा
मार्फा थकाली समाज सेवा सदन परिवार
रानीपौवा, पोखरा-१२ फोनः ५२०५७६

हत्या, हिंसा र प्रतिहिंसा फैलिरहेको यस घडीमा
शान्तिको मार्गमा लाग्न यो बुद्ध जयन्तीले सबैलाई प्रेरित गरोस्,
यही हाम्रो शुभकामना छ ।

कृष्णमान विशालमान
(सुनचाँदी दुकान)
मोहरिया टोल, पोखरा
फोनः ५२०७२१, ५३०३१६

शाक्यमुनी भगवान बुद्धको २५४९ औं जयन्तीको
उपलक्ष्यमा संपूर्ण नेपालीहरुको सुख, शान्ति र समृद्धिको
मंगलमय कामना गर्दछौं ।

तारेमाम गहना गृह
तेर्सापट्टी, पोखरा
फोनः ५३७४१४

**शान्ति नायक भगवान बुद्धको**
२५४९ औं जन्म जयन्तीको उपलक्ष्यमा
सबैको सुख, शान्ति र समृद्धिको हार्दिक कामना गर्दछौं ।

**कालिका गहना पसल**
**तेर्सापट्टी, पोखरा**
**प्रो. टेकनारायण शाक्य, फोन: ५३२७३६**

---

**शान्तिका अग्रदूत भगवान बुद्धको २५४९ औं जन्म जयन्तीको**
**यस पावन उपलक्ष्यमा सबै नेपालीहरुको सुख, शान्ति र कल्याणको**
**मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

त्रिरत्न सुन चाँदी पसल
रानीपौवा, पोखरा
**फोन: ०६१-५२०८७८**
**(तयारी गहनाका साथै अर्डर अनुसारको अत्याधुनिक गहनाका लागि हामीलाई सम्झनुहोस्)**

---

हत्या, हिंसा र प्रतिहिंसा फैलिरहेको यस घडीमा
**शान्तिको मार्गमा लाग्न यो बुद्ध जयन्तीले सबैलाई प्रेरित गरोस्,**
यहि हाम्रो शुभकामना छ ।

**श्रृंखला आभूषण**
सुनचाँदी दुकान
**प्रो. सोम बज्राचार्य**
**मोहरियाटोल, फोन: ५२३६४८**

---

**शान्ति, मैत्री र अहिंसाका पूजारी**
शाक्यमुनी भगवान बुद्धको
२५४९ औं जयन्तीको
उपलक्ष्यमा संपूर्ण नेपालीहरुको सुख, शान्ति र समृद्धिको
**मंगलमय कामना गर्दछौं ।**

**सचिव महलाल एण्ड सन्स**
सुनचाँदी गहना उद्योग
१/७३ मोहरिया टोल, पोखरा
प्रो. महलाल विश्वकर्मा
- तयारी सुनका आकर्षक गहनाहरु
- चाँदीका गरगहना तथा सामानहरु
- अर्डर अनुसारका गरगहना
- राशी अनुसारका बहुमूल्य रत्न, पत्थरहरु

नोट: कर्मचारीका लागि गहना बनाउँदा लाग्ने ज्यालामा विशेष छुटको व्यवस्था गरिएको छ ।

# "मेरो आँखामा अति विकट तर हिंसा निषेधित क्षेत्र"

-सविता धाख्वा

म काठमाण्डौमा जन्मेकी हुर्केकी व्यक्ति हुँ। मैले गाउँले जीवन कति विकट छ अरुबाट सुनेकी थिएँ। किताबमा पढेकी थिएँ तर रत्तिभर अनुभव गरकी थिइन। शायद म जस्तै काठमाण्डौमा जन्मेका व्यक्तिहरुका लागि पनि विकट गाउँठाउँ कल्पनाको विषयवस्तु होला। विकट भौगोलिक स्थिति, दुई छाक मुस्किलले खाएर पनि मान्छे धर्ममा अगाढ श्रद्धा, आस्था राखेका छन्। त्यहाँ बौद्ध गुम्बाहरु छन्, मैले देखेका ती गाउँ विकास समितिहरु हुन्: उत्तर गोरखाका चुम्चेत र छेकम्पार। त्यहाँ पुग्न हामीलाई गोरखा बजारबाट हिंडेर ९ दिन लाग्यो। यात्राको पहिलो दिन हामी धादिङ्ग हुँदै गोरखाको आरुघाट बजारमा बास बस्यौं। त्यहाँ नेवार जाति विशेषत: पाटनबाट गएका शाक्यहरुको पनि बसोबास थियो। त्यहाँ शाक्य जातका व्यक्तिहरुलाई चूडाकर्म गर्ने पुरानो बिहार पनि थियो।

आरुघाटबाट हामी ९ घण्टा हिंडेर मान्बू गा.वि.स. मा एक रात बास बसी भोलिपल्ट कासीगाउँमा पुग्यौं। कासी गाउँमा बढी गुरुङ्ग र घले समुदायको बसोबास थियो। त्यहाँका महिला पुरुषहरु जीवनयापन गर्न भारी बोक्ने काम गर्दछन्। यिनीहरु विशेषत: गोरखा बजारमा आई खाद्य संस्थानको चामल बोकी उत्तरी गोरखाका विभिन्न गाउँहरुमा पुऱ्याउने गर्दछन्। उत्तरी भेगका विभिन्न गाविस. हरुमा ५ दिनदेखि ९ दिनसम्म लगातार भारी बोक्नु पर्छ। बच्चाहरु समेत बोक्दै भारीहरु ओसार पसार गरिरहेका महिलाहरु भेट्दा अचम्म लाग्यो। गोरुबाट हलो जोत्ने ठाउँमा मान्छेले मान्छेलाई नै जोतेको देख्दा झन् आश्चर्य लाग्यो। बाँच्नको लागि कति संघर्ष गर्नु पर्दोरहेछ। गाउँबाट उकालो ओरालो गर्दै हामी केरौजा गाविस. पुग्यौं। भीरको बाटो असाध्यै डरलाग्दो थियो। एकठाउँको भीरमा त एक फुटको बाटो पनि थिएन। धेरै तल गण्डकी कल कल आवाज गर्दै बगिरहेको थियो। कहिले काँही त रिंगटा पनि लाग्थ्यो तर पनि परित्राण पाठ गरेर मनलाई हौसला दिंदै बाटो लाग्यौं। केरौजामा गुच्चमुच्च बस्ती थियो। बढी गुरुङ्गहरुको बस्ती थियो।

भोलिपल्ट हामी रुन्चेत भन्ने गाउँमा बास बस्यौं। बास बसेको सामुदायिक भवनमा महिलाहरुलाई प्रौढ कक्षा सिकाइरहेका देख्यौं। अठार घण्टा काम गरेर थाकेर आएका ती महिला टुकी बाल्दै प्रौढ कक्षामा सामेल भएका थिए। निद्रा नलागोस् भनी आँखामा पानी छ्यापी पढिरहेका ती महिला देख्दा पढ्नका लागि तिव्र इच्छा हुंदाहुंदै पनि औपचारिक शिक्षाको उज्यालो घामबाट वन्चित भएको यथार्थता अनुभव भयो।

रुन्चेतबाट हामी दोभान हुँदै सिर्दवासको जगत भन्ने गाउँमा पुग्यौं। जगत पहाडको खोंचमा कार्कीहरुको बसोबास भएको सानो गाउँ हो। त्यहाँ पुग्न पहिरो गइरहेको भीरबाट जानु पर्छ भने तलतिर बुढीगण्डकी डरलाग्दो किसिमले वगिरहेको छ। एक पाइला तल माथि पऱ्यो भने लास फेला पार्न पनि सकिंदैन, तैपनि परित्राण पाठले भय तर्ने रहेछ, आत्मविश्वास र साहस बढाउने रहेछ। मुश्किलले त्यस ठाउँमा पुग्यौं। त्यस्तो ठाउँमा पनि काठमाण्डौबाट आएका तीनजना युवा क्रिश्चियन धर्म प्रचारकहरु देखेर छक्क परें। ती युवाहरुसँग मैले धर्म सम्बन्धी छलफल गरें। मैले बुद्धधर्मका सिद्धान्तबारे वताएँ भने उनीहरुले क्रिश्चियन धर्मको सिद्धान्त वताए। करिब तीन घण्टाको धार्मिक छलफलको दौरानमा मैले उनीहरुलाई आफ्नो जिज्ञासा अगाडि राखें कि अरु धर्मावलम्बीहरुलाई आफ्नो धर्ममा परिवर्तन गर्न कत्तिको गाह्रो छ ? प्रश्नको जवाफमा एक युवकले हाँसेर जवाफ दियो- "यो काम त्यत्ति सजिलो छैन। यहाँ केही कार्कीहरुलाई क्रिश्चियन

धर्ममा परिणत गर्न सफल भएका छौं। तपाईहरु जुन घरमा वास बस्दै हुनुहुन्छ त्यो घरको मूलीलाई भोलि बाप्टाइज गर्ने कार्यक्रम छ।" फेरी उनीहरुले भने- "वास्तवमा हामीलाई तिब्बती बुद्धधर्म मान्नेहरुलाई क्रिश्चियन धर्ममा परिणत गरेर आउनु भनेर काठमाण्डौको एक चर्चले पठाएको हो, तर यहाँका लामाहरु बुद्धधर्ममा कट्टर छन्, उनीहरुलाई परिणत गर्न साह्रै गाह्रो छ"। हुन पनि हो गुरुङ्ग, लामाहरु बौद्ध संस्कृति र संस्कारमा हुर्केका छन्। ठाउँ ठाउँमा गुम्बाहरु बनाएका छन्, नित्य पूजा गर्छन्। उनीहरुमा एकताको भावना पनि छ। त्यसैले होला यिनीहरुलाई अरु धर्मावलम्वीहरुले छुन नसकेको। छलफल पश्चात मैले लामो सास फेरें र सोच्न थालें कि हामी बौद्धहरुले बुद्धधर्म प्रचार गर्न के पो गर्न सक्यौं र जबकि अरु धर्मावलम्बीहरु आ-आफ्नो धर्म प्रचार गर्न त्यस्तो विकट ठाउँमा पनि पुग्दा रहेछन्। आ-आफ्ना धर्ममा मान्छेको कति आस्था आफूले पनि पालन गरौं र अरुलाई पनि प्रचार गरौं भन्ने भावना मनमा जाग्यो।

कसरी फेरी त्यस्तो डरलाग्दो बाटोबाट फर्कने होला भनी चिन्ता लिंदै त्यहीं रात विताएँ। भोलिपल्ट हामी सिर्द्धिवासको फिलिम भन्ने गाउँमा पुग्यौं जुन ठाउँ उत्तरी गोरखाको ७ वटा गाविसहरुको केन्द्र हो। यहाँ बिहान १० बजेदेखि साँझ ५ बजेसम्म लगातार हावा चल्ने र ५ बजेपछि हावाको वेग विस्तारै कम हुँदै जाँदोरहेछ। यहाँ बस्ने सबै गुरुङ्ग र लामाहरु हुन्। यहाँ पनि गुम्बाहरु छन्। उत्तरी गोरखाको केन्द्रविन्दु भएपनि अति विकटताको कारणले गर्दा यहाँ केही सुबिधा उपलब्ध छैन। यहाँ एक सानो हेल्थपोष्ट छ तर साधारण औषधीसम्म पनि छैन। जुन दिन हामी त्यहाँ पुग्यौं त्यहि दिन राती गाविस का अध्यक्ष आएर बच्चाहरुको झाडापखाला रोकथाम गर्ने औषधी छ कि भन्दै माग्न आउनुभयो। हामीले उहाँलाई जीवनजल र केही औषधी दियौं। दुई दिन अगाडि पनि एकजना बच्चाको झाडा पखालाकै कारण मृत्यु भएको रहेछ। मनमा ठूलो चोट पर्‍यो कि झाडापखाला जस्तोको साधारण औषधी नपाएर पनि मान्छेहरु अकालमा मर्नु परेको छ। रेडियो नेपालले दिने झाडा पखाला रोकथाम सम्बन्धी सन्देस यहाँसम्म पुगेको रहेनछ। त्यहाँका लामाहरु विरामी भयो भने रोग सर्छ भन्ने भयले रोगीलाई छुन पनि डराउँदा रहेछन्। काठमाण्डौबाट आएको एक व्यक्ति त्यहाँ विरामी हुँदा कसैले बोक्न मानेन। बल्ल फकाई ३ दिन ३ रात बोकाएर काठमाण्डौ लगियो। त्यस्तो विकट ठाउँ पनि रहेछ।

सिर्दिवासपछि हामी गोरखा विकास परियोजना जी.टी.जेड. को सहयोगमा स्थानीय बासिन्दाको सहभागितामा बनाईएको घोडेटो बाटोबाट १० घण्टा हिंडी चुम्चेत गाविस को ताजूमा पुग्यौं। यहाँ पुग्न पहिरो झरीरहेको भीरबाट हिंड्नुपर्छ। बाटोको ठाउँ ठाउँमा "मणि पद्मे हुँ" कुँदिएको ढुङ्गाहरु राखिएका छन्। यो देखेर हामीले बाटो देखाउन आएका भ्याम्बा लामासँग किन यी मन्त्रहरु ठाउँठाउँमा राखिएका हुन् भनी सोध्यौं। जहाँबाट मान्छे खस्यो त्यहीं यो मन्त्र कुँदिएको ढुङ्गा राख्ने यहाँको चलन हो भनी जवाफ दियो। यो कुरा सुनी मेरो त जीउ नै सिरिङ्ग भयो "कतै म पनि यो भीरबाट खसेर मरें भने.....।" वास्तवमा त्यो दिन हामी साह्रै थाकिसकेका थियौं। हामीले राम्रोसँग खान पनि पाएका थिएनौं। हामी मध्ये एकजनाले मासु खाने इच्छाले रु. २००/- दिई एक स्थानीय व्यक्तिलाई कुखुरा खोज्न पठाएको रहेछ। म त मासु नखाने परें। ऊ खाली हातले फर्क्यो किनकी गाउँभरि कसैले कुखुरा बेच्न मानेनन्। त्यहाँका स्थानीय बासिन्दा भ्याम्बा लामाले भन्यो कि यो गाउँमा कसैले हिंसा गर्दैन। जीवनको व्यापार पनि गर्दैन। यो क्षेत्र हिंसा निषेधित क्षेत्र हो, यहाँ कसैले हिंसा गर्‍यो भने जरिवाना लगाउँछ। साथै आफ्नो समाजबाट वञ्चित गर्ने प्रावधान छ। यसरी त्यहाँ बुद्धको अहिंसा शिक्षालाई पालन गर्दोरहेछ। त्यहाँ ठाउँठाउँमा मानेहरु भेटिन्छन्, जुन चैत्य आकारले बनाएका हुन्छन्। मानेरहरुको वरिपरि "ओ म णि पद्मे हुँ" कुँदिएका थुप्रै ढुङ्गाहरु राखिएका छन्। यी मानेहरुलाई कसैले नाघ्न नहुने, दायाँबाट घुम्नपर्ने नियम रहेछ।

यहाँ अति विकट छ। यहाँ चामल नपाइने रहेछ। यहाँका मानिसहरु ढिंढो खाने गर्छन्। गोरखाबाट ८/९ दिन मा बोकेर चामल ल्याउँदा रहेछन्। महिनामा १५ केजी चामल खाद्य संस्थानको गोदामबाट कार्ड मार्फत महंगो पैसा तिरी पाउँछन्। त्यसैले होला यहाँका बासिन्दाहरुले चाडपर्वमा मात्र भात खान पाइने रहेछ।

भोलिपल्ट हामी भीरको बाटो बाटै छेकम्पार गाविस मा पुग्यौं। यो गाविस तिब्बतको सिमाना नजिक करिब १३००० फीटमा अवस्थित छ। यहाँ लेक (High altitude sickness) लाग्ने सम्भावना छ। यहाँ जाडोमा २/३ फीट हिंउँ पर्दोरहेछ। यहाँ नजिकै ठूलाठूला हिमाल पहाडहरु छन्। गणेश हिमाल नजिकैबाट देखिन्छ। ठाउँ ठाउँमा हिमनदीहरु बगीरहेका छन्। यहाँका व्यक्तिहरुको लवाइ, खवाई रहन सहन तिब्बतसंग मिल्दोजुल्दो छ। यहाँको कारोबार बढी तिब्बतसँग चल्छ। उनीहरु तिब्बती भाषा बोल्छन्। नेपाली भाषा कसै-कसैले मात्र बुझेका छन्। घरहरु ढुङ्गाले बनाइएका र ढाइचो (झण्डा) फहराइएका देखिन्छन्। चमरी गाई पालेको देखिन्छ। यहाँ पनि खाद्यान्नको अभाव छ। गहुँ पाक्न १२ महिना लाग्छ भने धान फल्दैन।

यहाँको गाविस वडा नं ५ मा राछेन गुम्बा छ, जुन यहाँका गुम्बाहरु मध्ये पुरानो गुम्बा मानिन्छ जहाँ थुप्रै आनीहरु बस्दा रहेछन्। यहाँबाट दुई घण्टा पर मुगु गुम्बा छ, जहाँ लामा भिक्षुहरु बस्छन्। यहाँबाट देखिने हिमाल पहाडहरुमा टाढाबाट हेर्दा प्वालहरु जस्तो देखिन्छ, जुन गुफाहरु हुन्। त्यस्ता गुफाहरुमा लामा भिक्षुहरु "छाम" अर्थात ध्यान गर्दा रहेछन्। कोही कोही त २/३ वर्षसम्म पनि ध्यान बस्दा रहेछन्। प्राय आनीहरु न्यून बस्दा रहेछन्। यस गुम्बामा तिब्बतबाट ल्याइएका बुद्धका मूर्तिहरु, बुद्धधर्मका अमूल्य ग्रन्थहरु तंग्यूर कंग्यूर (त्रिपिटक) सुरक्षित साथ राखिएका छन्। यहाँका मुख्य गुरु दुप्पा रिम्पोछे हुनुहुन्छ। यस गुम्बामा समय समयमा सिक्किमबाट गुरुहरु आउने गर्दा रहेछन्। यहाँ हिउँदमा अति जाडोका कारणले तलका गाविस हरुमा झर्छन् भने कोहि बौद्ध र स्वयम्भूका गुम्बा हरुमा आउने गर्छन्। गुम्बामा आउने श्रद्धालुहरुलाई सित्तै खाना खुवाउँदोरहेछ। यहाँ पुगेपछि बल्ल भात खान पायौं। यहाँका आनीहरुमध्ये नेपाली भाषा बुझ्ने छिमी आनीले भन्नुभयो।

यो गाविस पनि हिंसा निषेधित क्षेत्र हो। छेकम्पारका बासिन्दाहरु स्वयम्भू, बौद्ध र भारतको धर्मशालामा दलाई लामाको दर्शन गर्न जाँदारहेछन्। प्रत्येक घर परिवारबाट भिक्षु, आनी बन्ने चलन नै रहेछ। हामी बास बसेको प्रत्येक घरहरुमा द्योगं (बुद्ध मूर्ति कलात्मक ढंगले कुँदिएको काठको दराज) राखेको पायौं। घर घरमा दलाइ लामाको फोटो देखिन्छ। यहाँका मानिसहरु गरिब भएपनि दान दिने प्रचलनले गर्दा गुम्बाहरु देखिन्छन्। ठाउँ ठाउँमा माने चैत्यहरुको स्थापनाले बुद्धधर्मप्रति उनीहरुको श्रद्धा झल्किन्छ। प्रत्येक वर्ष पाटनमा मतया: (दीपजात्रा) भए जस्तै यहाँपनि वर्षको एकचोटि त्यस गाविसमा अवस्थित सबै मानेहरुमा परिक्रमा गर्ने चलन रहेछ।

पहिले बाटो नहुँदा साह्रै कठिनाई भोग्नु पर्ने हुँदा होला त्यहाँका बासिन्दाहरु काठमाण्डौ आउनु पर्दा सगुण लिएर, रोई रोई विदाइ हुन्थ्यो रे तर अहिले घोडेटो बाटो बनेका ले केही सजिलो महसुस गरेका छन्। हामीलाई पनि खाताहरु चढाई सफल यात्राको कामना गर्दै विदाई दिए।

साँच्चै नै यी ठाउँहरु प्राकृतिक सौन्दर्यले भरिपूर्ण छन् तर जीउनको लागि कठिन रहेछ। त्यसो भएतापनि धर्ममा अगाढ श्रद्धा भएको कारणले गर्दा होला मानिसहरु हाँसीखुशी नै बाँचिरहेको पाइयो।

२० दिनको यात्रा गरी हामी गोरखा बजार पुग्यौं। यसरी यात्राको क्रममा तामाङ्ग, मगर, गुरुङ्ग र लामाहरुको बाहुल्यता देखियो। पहाडै पहाडले भरिएको हाम्रो मुलुकमा यहाँ जस्तै अन्य ठाउँहरुमा पनि बौद्ध जनजातिहरुकै बाहुल्यता भएको कारण ले हामी सहजै अनुमान गर्न सक्छौं कि नेपालको जनसंख्याको ५० प्रतिशतभन्दा बढी बौद्धहरु नै छन्।

शान्ति नायक भगवान बुद्धको
२५४९ औं जन्म जयन्तीको उपलक्ष्यमा
हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**नवरत्न ज्वेलर्स**
सुनचाँदी दुकान
मोहरिया टोल १/६६
प्रो. विकलमान बुद्धाचार्य फोन: ५२०४८८, ५३१७९६

शान्तिका अग्रदूत भगवान बुद्धको २५४९ औं जन्म जयन्तीका
यस पावन उपलक्ष्यमा सबै नेपालीहरुको सुख, शान्ति र कल्याणको
**मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

POKHARA GAHANA PASAL
पोखरा गहना पसल
ईश्वमान पुष्पमान बुद्धाचार्य
१/५० मोहरिया टोल, पोखरा फोन: ०६१-५२६००७
(भरपर्दो र विश्वासिलो सुनचाँदीको गहनाको लागि हामीकहाँ पाल्नुहोस्)

भगवान बुद्धको मैत्री, करुणा र अहिंसाको शिक्षा स्मरण गरी
शान्तिको मार्गमा लाग्न यो बुद्ध जयन्तीले सबैलाई प्रेरित गरोस्,
यहि हाम्रो शुभकामना छ ।

**अन्तुमान बज्राचार्य**
बागबजार, पोखरा

शाक्यमुनी भगवान बुद्धको २५४९ औं जन्म जयन्तीको
उपलक्ष्यमा संपूर्ण नेपालीहरुको सुख, शान्ति र समृद्धिको
**मंगलमय कामना गर्दछौं ।**

**MESUCA'S SPORTS**
(सबै प्रकारका खेलकूदका सामानहरुका लागि)
**OPEN HOUSE COMPLEX, Tel: 538896**

# इतिहासभित्रका रोचक बुद्धमूर्तिहरु: एक अध्ययन

- भिक्षु संघरक्षित

**पृष्ठभूमि**

यो सत्य हो, भगवान बुद्धले मूर्तिपूजालाई कहिल्यै पनि जोड दिनु भएन। मूर्ति भन्नाले बाह्य आवरण या रुप मात्र हो । अनि सबै मानिसहरुको रुप उही रगत, मासु र मलमूत्रबाट भरिएको हुनाले वास्तविक रुपमा अल्भिरहनु भन्दा उसभित्र लुकेर रहेको ज्ञानलाई हेर्न जान्नुपर्ने बुद्धको उपदेश हो । यसका वावजुद पनि, अनित्यशील समयमा बुद्धको महापरिनिर्वाण पश्चात यहाँ धेरै परिवर्तन आएको देखिन्छ। मानिसहरु ज्ञानमार्गी हुनुभन्दा भक्तिमार्गी भए। आध्यात्मिकतामा भन्दा भौतिकतामा रुमल्लिन पुगे। यसैले पनि भगवान बुद्धको धर्मलाई देखेर बुद्धलाई चिन्नुभन्दा बुद्धमूर्तिलाई पूजा गर्ने मानिसहरु यहाँ अत्यधिक भए। समय यस्तो पनि आयो कि आज आएर सबै प्रकारका मूर्तिहरुमा बुद्धमूर्तिहरु नै धेरै भए। फेरी यहाँ तीन मिलिमिटर सूक्ष्मदर्शक यन्त्रले हेर्नुपर्ने बुद्धमूर्ति देखि लिएर ७१ मिटर अग्लो बुद्धमूर्तिसमेत बन्नपुगे। यस्तै विविध रोचक बुद्धमूर्तिहरुको उल्लेख गर्नु नै यस लेखको प्रमुख उद्देश्य हो ।

**सबैभन्दा अग्लो बुद्धमूर्ति**

संसारमा सबैभन्दा अग्लो बुद्धमूर्ति हाम्रा मित्र राष्ट्र चीनमा रहेको छ। चीनमा सद्‌वान प्रान्तको लुसाङ्ग शहरमा भेट्टाइएको बुद्धमूर्ति ७१ मिटर अग्लो छ। यस बुद्धमूर्तिको कान मात्रै पनि ७ मिटर अग्लो छ र कानको प्वालमा दुईजना मान्छेहरु सँगै उभिन मिल्छ। यस बुद्धमूर्तिको खुट्टामाथि पनि दुइवटा ट्रकहरु मजाले अट्छ। खुट्टाको औंलामा टेबुल राख्न मिल्छ। यो मूर्ति नब्बे वर्ष लगाएर सन् ७१३ देखि ८०३ सम्मको समयावधि भित्र बनाइएको हो ।

**सबैभन्दा सानो बुद्धमूर्ति**

संसारमा सबैभन्दा सानो बुद्धमूर्ति पनि चीनमै रहेको छ। बत्तीस वर्षीय शेन वैचोङ्ग भन्नेले बनाएको उक्त बुद्धमूर्तिको लम्बाई केवल ३ मिलिमिटर मात्र छ। यस बुद्ध मूर्तिलाई राम्रो सँग हेर्नलाई पनि सूक्ष्मदर्शक यन्त्रको आवश्यकता पर्दछ। यो बुद्धमूर्ति चीनको च्यान्सु प्रान्तको सुचाउ शहरमा सुरक्षित राखिएको छ ।

**बामियानको बुद्धमूर्ति**

संसारको दोस्रो ठूलो बुद्धमूर्तिको रुपमा अफगानिस्तानको बामियान उपत्यकामा भएको विशाल बुद्धमूर्तिलाई लिने गरिन्छ। यो बुद्धमूर्ति झण्डै १७५ फिट अथवा ५३ मिटर अग्लो रहेको छ। यस बुद्धमूर्तिका साथै यहाँ नजिकै ११५ फिट अग्लो अर्को बुद्धमूर्ति पनि रहेको छ।

चौथो वा पाँचौ शताब्दीतिर नै निर्माण भएको यस वामियानको बुद्धमूर्तिको हाल नाममात्र बाँकी छ। मूर्ति भने नाश भैसकेको देखिन्छ। अफगानिस्तानका मुज्जाहिद्दिन सरकारले धार्मिक कट्टरताले अभिप्रेरित भएर उक्त विशाल मूर्तिलाई विगारिदिएका थिए। उक्त बुद्धमूर्ति विगारेको धेर समय नवित्दै उक्त सरकार नै नराम्ररी ढल्न पुगेका थियो । उक्त बुद्धमूर्तिको आवश्यकतालाई पुन: मध्य नजरमा राखेर त्यस बुद्धमूर्तिको पुनर्निर्माण हुनुपर्ने कुरामा विश्वका विभिन्न क्षेत्रबाट अद्यावधि आवाज बुलन्द भइराखेको छ। हाल आएर विश्व बौद्ध समुदाय तथा वर्तमान अफगान सरकार मिलेर उक्त बामियान बुद्धमूर्तिको पुनर्निर्माण गर्ने दृढताका साथ अघि बढिरहेको थाहा हुन आएको छ।

**पन्नाको बुद्धमूर्ति (Emerald Buddha)**

पन्नाको बुद्धमूर्ति पनि छ भनेको सुन्दा हामीलाई आश्चर्य लाग्न सक्छ, तर वास्तविकता यही नै हो। बौद्ध देश थाइल्याण्डमा पन्नाको बुद्धमूर्ति छ। सन् १७८५ मा स्थापना भएको पन्नाको बुद्ध मन्दिर बैंकककको वाट् फ्राकिओ बिहारमा अवस्थित छ। यस मन्दिर भित्र ३१ इन्च लामो पन्ना रंगको सूर्यकान्तमणी (Jasper) काटेर बनाइएको बुद्धमूर्ति छ। यो पन्नाको बुद्ध चियाङ माई (उत्तरी थाइल्याण्ड) मा सन् १४३६ मा अचानक एउटा बुद्धमूर्ति फुटेको बेला त्यसभित्र भेट्टिएको हो भनिन्छ।

**बुद्धमूर्तिभित्र आश्चर्यजनक पुस्तकालय**

संसारमा सबै भन्दा आश्चर्यजनक पुस्तकालयको रुपमा बुद्धमूर्तिको गर्भमा बनेको पुस्तकालय सुप्रसिद्ध छ। यो पुस्तकालय चीनको यँग-निङ्ग भन्ने ठाउँमा अवस्थित एउटा

विशाल बुद्धमूर्ति भित्र रहेको छ। यस बुद्धमूर्ति भित्र लगभग ३१७ वटा प्राचीन तिब्बती ग्रन्थहरु संग्रहितरुपमा राखिएको छ। यो नै संसारको आश्चर्यलाग्दो पुस्तकालय बन्न पुगेको छ।

**साढे ५ टन गन्हुङ्गो सुवर्णमय बुद्धमूर्ति**

बौद्ध देश थाइल्याण्डमा ३ मिटर अग्लो ५.५ टन गन्हुङ्गो सुनको बुद्धमूर्ति छ। यस सुपर्णमय बुद्धमूर्ति एउटा ठूलो बुद्धमूर्ति भित्रबाट नै निस्किएको थियो। कुरा के हो भने थाइल्याण्डको सुवर्ण बुद्धको मन्दिर अथवा त्रिमित्त बिहारमा एउटा बुद्धमूर्ति त्यसै फालि राखेको थिए, जुन मूर्तिलाई सन् १९५३ सालमा क्रेनबाट उठाउँदा खसेर फुटेको थियो। त्यसै फूटेको बुद्धमूर्तिबाट उक्त सुवर्णमय बुद्धमूर्ति निस्किएको थियो। भनिन्छ, यस सुवर्णमय बुद्धमूर्तिलाई १३ औं शताब्दीतिर शत्रुहरुको हातबाट बचाउन त्यसरी प्लास्टर गरेर बुद्धमूर्तिको गर्भमा लुकाइएको थियो।

**दशलाख बुद्धमूर्तिहरु भएको बुद्ध मन्दिर**

मलेशियाको पेनाङ भन्ने ठाउँमा एउटा यस्तो बुद्ध मन्दिर छ, जहाँ भित्र दश लाखको संख्यामा बुद्धमूर्तिहरु विद्यमान रहेको छ। यो पनि एक किसिमले संसारकै आच्चर्यजनक बौद्ध मन्दिर हो।

**हंगकगंमा बुद्धमूर्ति**

हंगकंगको न्यू टेरिटोरिजको साटिन मैलिको बिहारमा १० हजार सुनका बुद्धमूर्तिहरु प्रदर्शित गरेर र ाखिएको छ। त्यस्तै नै यहाँ साह्रै ठूलो विशाल ३६ मिटर अग्लो बुद्धमूर्ति निर्माण हुने लागेको कुरा चर्चामा रहेको छ।

**सिंहशैयाको विशाल बुद्धमूर्ति**

थाइल्याण्डको राजधानी बैंकक शहरको सबैभन्दा ठूलो बिहार हो-वाट् पो हो। यसैबिहार भित्र भगवान बुद्ध सिंह शैयामा लेटिराख्नु भएको ठूलो बुद्धमूर्ति र हेको छ, जुन बुद्धमूर्ति १६० फिट लामो छ भने ३९ फिट अग्लो छ।

**चीनका अन्य बुद्ध मूर्तिहरु**

चीनको क्यान्तोन प्रान्तमा एउटा बौद्धमन्दिर भित्र विभिन्न मुद्राका बुद्धमूर्तिहरु छन्। त्यहाँका स्थानीय मानिसहरुको विश्वास हो, हरेक बुद्ध मूर्ति भित्र भिन्ना भिन्नै किसिमको शक्ति विद्यमान छ। त्यसैले उनीहरु पानी पार्नुपर्‍यो भने एउटा मूर्तिलाई र रोग हटाउनु पर्‍यो भने अर्को मूर्तिलाई पूजा तथा प्रार्थना गर्दछन्। पऱि, भारतको सुप्रसिद्ध एवं बौद्ध कलाको अनुपम नमूनाको रुपमा बहुचर्चित अजन्ता गुफा भन्दा पनि धेरै कलापूर्ण गुफाहरु चीनमा भएको कुरा त्यहाँको इतिहासले देखाउँछ। चीनको तुनवहाँग गुफामा मात्र दुई हजार (२०००) बुद्धमूर्तिहरु भएको कुरा त्यहाँको इतिहासले स्पष्ट पार्दछ। त्यसरी नै चीनका प्रसिद्ध गुफाहरु हुन्- युनकांग, लुङमेन, मैचिसान आदि।

**अफगानिस्तानका अन्य प्रसिद्धिहरु**

अफगानिस्तानको हाड्डा भन्ने ठाउँमा हुवेन साँगको समयमा ३०० फिट अग्लो बुद्धमूर्ति भएको कुरा उल्लेख छ। त्यस्तै नै यस देशको जलालवाद प्रदेशमा बुद्धको सामु बसेर धर्मदेशना सुनिरहेका हरक्यूलिस मूर्ति समेत थियो।

**सबैभदा पुरानो दाइबुत्सु बुद्धमूर्ति**

जापानको नारा भन्ने ठाउँमा संसारकै सबै भन्दा प्राचीन पित्तलको दाइबुत्सु बुद्धमूर्ति छ, जुन ५३.५ फिट अग्लो छ। ४२२ टन भएको उक्त बुद्ध मूर्ति पद्मासनमा बसिरहेको अभयमुद्रामा बैरोचन बुद्धको मूर्ति हो।

**टाउको सम्म पुग्ने खुड्किलो भएको बुद्धमूर्ति**

जापानमा एउटा यस्तो विशाल बुद्धमूर्ति पनि छ, जुन मूर्तिको भित्रिभागमा माथि टुप्पोसम्म नै चढ्न मिल्नेगरी खुड्किलाहरु बनाइएको छ। जापानको कामाकुरा भन्ने स्थानमा रहेको उक्त सुप्रसिद्ध दाइबुत्सु (महान् बुद्ध) को मूर्ति ४२५ फिट अग्लो छ। यो मूर्ति अमिताभ आदि बुद्धको हो, जुन भूस्पर्श मुद्रामा रहेको छ।

**निष्कर्ष**

रोचक, रोमाचंक अनि आश्चर्यले भरिपूर्ण बुद्धमूर्तिहरु संसारको यत्रतत्र फैलिएर रहेको कुरामा शंका छैन। बुद्धमूर्तिको पूजामा मस्त भएर भक्तिभावमा मात्र निर्लिप्त नभई बरु बुद्धमूर्तिबाट बुद्धको ज्ञानलाई, धर्मगुणलाई चिनेर जानेर अनि उहाँको आदर्शलाई ग्रहण गरेर आफूमा पनि त्यस्तै गुणधर्म निहित बनाउन प्रयास गर्न सके, राम्रो असल मान्छे बन्न सके हाम्रो समुच्चा मानवजीवन सफल र सार्थक हुनेछ अनि बुद्धमूर्ति बनाइएको मा पनि वास्तविक सार्थकता देखा पर्न आउँछ। यस कुरामा भने सबैको ध्यान जानुपर्ने टड्कारो देखिन्छ।

भगवान बुद्धको २५४९ औं जन्म जयन्तीको उपलक्ष्यमा
सबैको सुख, शान्ति र समृद्धिको
हार्दिक कामना गर्दछौं ।

**STAR VISION**
Chipledhunga, Pokhara- Ph: 061-530855
Color TV, Refrigerator, Deep Freeze, Air Conditioner Washing Machine, Vacuum Cleaner and
**All kinds of Electronic Goods available**

शान्तिका अग्रदूत भगवान बुद्धको २५४९ औं जन्म जयन्तीको
यस पावन उपलक्ष्यमा सबै नेपालीहरुको सुख, शान्ति र कल्याणको
मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**NEW BIBEK OIL STORES**
**&**
**BINTI TRADERS**
Naya Bazar, Pokhara–9
T.No. 520173, 522666

भगवान बुद्धको मैत्री, करुणा र अहिंसाको शिक्षा स्मरण गरी
शान्तिको मार्गमा लाग्न यो बुद्ध जयन्तीले सबैलाई प्रेरित गरोस्,
यहि हाम्रो शुभकामना छ ।

**MUNAL STORES**
Chipledhunga–4, Pokhara, Ph.No. 061-527335
Step in For: Groceries, Provision, Cosmetics, Trekking Goods, Hotel & Restaurant Supply etc.

शाक्यमुनी भगवान बुद्धको २५४९ औं जन्म जयन्तीको
उपलक्ष्यमा संपूर्ण नेपालीहरुको सुख, शान्ति र समृद्धिको
मंगलमय कामना गर्दछौं ।

**सेल्स एण्ड सर्भिस**
न्यूरोड, पोखरा
फोन: ०६१-५२०२४४

# दोश्रो विश्व बौद्ध शिखर सम्मेलनको सन्देश

- तिलक पराजुली

२०६१ मंसिर १५ देखि १७ गते सम्म चलेको बौद्ध सम्मेलनले दश बुँदे घोषणापत्र जारी गरी सम्पन्न भएको छ । सबै शान्तिकामीहरुलाई आकर्षित गर्ने र विश्वकै बौद्ध धर्मावलम्वीहरुका पवित्रतम तीर्थस्थलको रुपमा रहेको लुम्बिनीमा आयोजित यस दोश्रो विश्वबौद्ध शिखर सम्मेलन सफलताका साथ सम्पन्न हुनु सबै नेपालीका लागि हर्ष तथा गर्वको विषय हो ।

लुम्बिनीलाई आधुनिक अन्तर्राष्ट्रिय जगतमा परिचित गराउने प्रथम श्रेय महान सम्राट अशोकलाई जान्छ । उनले बुद्धको जन्मस्थल यस पावन भूमिको भ्रमणमात्र गरेका होइनन्, बुद्ध भगवानको स्थायी चिनारी र सम्मानका हेतु अग्लो स्तम्भ पनि निर्माण गरेर छाडेका थिए । आफूले आफ्ना छोरा-छोरी समेत लगाएर अन्तर्राष्ट्रिय जगतमा भगवान बुद्ध र उहाँका उपदेशहरु तथा लुम्बिनीका सम्बन्धमा प्रचार प्रसार गराउने स्तुत्यकाम गरेका छन् । महान चिनीया यात्री हुयन साङले पनि यस पवित्र तीर्थस्थलको अवलोकन भ्रमण गरी आफ्नो यात्रा विवरणमा लुम्बिनीका सम्बन्धमा थुप्रै कुरा लेखेका छन् र नेपाल तथा नेपालीहरुका सम्बन्धमा त्यसबेला शेष विश्वलाई परिचित गराउने कार्यमा यत्किन्चित प्रयत्न गरेका छन् ।

लुम्बिनीलाई आधुनिक जमानामा सम्मानजनक स्थानमा पुऱ्याउन अर्थात यस पावन भूमिको महत्व सम्बन्धमा अन्तर्राष्ट्रको ध्यान आकर्षित गराउन संयुक्त राष्ट्रसंघका तत्कालीन महासचिव उथान्त ले जुन योगदान दिए, त्यसका लागि सम्प्रति नेपालका सबै जनताहरु कृतज्ञ छौं र उनीप्रति ऋणी पनि छौं ।

वर्माका नागरिक र अब्बल दर्जाका बौद्ध उथान्त संयुक्त राष्ट्र संघको महासचिव रहँदा सन् १९६७ मा लुम्बिनीको भ्रमण गरेका थिए । त्यस पछि नै लुम्बिनीको महत्व राष्ट्रिय र अन्तर्राष्ट्रिय रुपमा पुनःस्थापित भयो । संयुक्त राष्ट्र संघमा समेत लुम्बिनको विकास र पुरातात्विक संरक्षणको कुरा चासोको विषय बन्न सक्यो । विश्वका बौद्धहरु, बुद्धधर्मको बाहुल्यता रहेका देशका सरकारहरु र पुरातात्विक विषयको अध्ययनमा चासो राख्ने व्यक्ति र संस्थाहरुले पनि लुम्बिनीलाई महत्व दिन थाले । एक प्रसिद्ध पुरातत्ववेत्ता जापानी प्रोफेसर केन्जो टाङगेले सन् १९७८ मा लुम्बिनीको वृहत विकास सम्बन्धमा एक गुरुयोजना तयार गरेका छन् । र त्यसको आधारमा केही काम भएको छ । यसै स्थलमा सम्पन्न सन् १९९८ मा प्रथम विश्व बौद्ध शिखर सम्मेलनले पनि लुम्बिनीको विकास र प्रबर्द्धनको लागि केही निश्चित कार्यहरु सम्पन्न गर्नु पर्ने सिफारिस गरेको थियो । सो सिफारिस गरिएका सबै काम हुन नसकेता पनि लुम्बिनीको समुचित विकास तथा संबर्द्धनको निमित्त केही अधारशीला बनेका छन् ।

हाम्रो राष्ट्र अहिले आन्तरिक द्वन्द, हत्या हिंसा र अशान्तिको अवस्थाबाट गुज्रिरहेको छ । दोस्रो विश्व बौद्ध सम्मेलनकै अवस्थामा माओवादीहरुले लुम्बिनी बन्दको घोषणा गरेर शिखर सम्मेलनको पूर्वसन्ध्यामा यस क्षेत्रमै धेरै विस्फोटनहरु गराए । शिखर सम्मेलनको मुख्य चासो विश्व शान्ति र विशेष गरेर नेपालको अशान्त वातावरणलाई उचित व्यवस्थापन गरी शान्ति कायम गर्ने कुरामा रहेको देखियो । लुम्बिनीलाई विश्वशान्ति नगरको रुपमा घोषणा गर्नुपर्ने आव्हान शिखर सम्मेलनको अन्त्यमा जारी घोषणाले पनि जोड दिएको छ । सम्मेलनमा प्रस्तुत कार्यपत्रहरमा पनि नेपालको अशान्तिमय वर्तमानका सम्बन्धमा चिन्ता व्यक्त गरिएको छ । र बुद्धका उपदेशहरुको पालना नै स्थायी शान्तिका लागि आधार हुनसक्ने कुरा उल्लेख गरिएको छ । डा. सुगन्ध महास्थविरको "विश्वको परिप्रेक्षमा शान्ति" विषय कार्यपत्रले यही सत्यको उद्घोष गरेको पनि छ ।

तर बुद्धका उपदेशहरुलाई अनुशिलन नगरिकन शान्ति असम्भव छ र यो नेपालका सन्दर्भमा त ध्रुवसत्य नै हो। बुद्धले अर्थ्याउनु भएका सत्मार्ग र शीलहरुको मनन् र कार्यान्वयनले शान्ति कायम हुन सक्दछ। बुद्धले एउटा व्यक्तिको लागि समाज र राष्ट्रका लागि तथा राज्यको सुसंचालन र सुशासनको लागि समेत संक्षेपमा तर प्रष्ट रुपमा आफ्ना उपदेशहरु व्यक्त गर्नु भएको छ। एउटा घटना वृत्तान्त र त्यसमा बुद्धले व्यक्त गर्नु भएका मार्गदर्शन प्रस्तुत गर्नु पर्याप्त हुनेछ। एक समय भगवान राजगृहस्थित गृद्धकूट पर्वतमा बस्नु भएको थियो। त्यस समय वैदेहीपुत्र मगधराजा आजातशत्रुले वज्जी गणराज्य माथि हमला गर्न चाहेका थिए। तर आक्रमण गर्नु अगाडी भगवान के भन्नु होला भनी बुझ्न चाहन्थे। त्यो प्रयोजनका लागि उनले आफ्ना अमात्य वर्षकार ब्राम्हणलाई भगवान बुद्ध छेउ पठाए। मगध महामात्य वर्षकार भगवान छेउ पुगेर भन्छन् - "भो गौतम ! वैदेहीपुत्र मगधराज आजातशत्रु बज्जीमाथि हमला गर्न चहान्छन्। उनी यस्तो भन्छन्- "त्यस्ता महर्द्धिक तथा महाप्रभावशाली वज्जीहरलाई म उछिन्न पार्ने छु, बज्जीहरुको विनाश पार्नेछु , बज्जीहरुलाई व्यसनमा पुऱ्याइ दिनेछु।" त्यस वखत आयुष्मान आनन्द पनि त्यहि थिए। भगवानले आनन्द तर्फ फर्केर भन्नुभयो - (दीघ निकाय पृ. २२९)

- जबसम्म बज्जीहरु सार्वजनिक समितिहरु गठन गरेर सभाहरु गरिरहन्छन्।

- जबसम्म बज्जीहरु मिलिजुली बस्नेछन्, उठ्नेछन् र आफ्ना कार्यक्रमहरुलाई कार्यरुपमा परिणत गर्नेछन्।

- जबसम्म बज्जीहरु नियम नबनाई कुनै कार्वाही गर्ने छैनन्, जुन नियम बनिसकेको छ, त्यसको उल्लंघन गर्ने छैनन् र पहिले देखि चल्दै आएको बज्जी परंपराअनुसार कार्य गरीरहने छन्।

- जबसम्म उनीहरुले कुनै बज्जी केटीलाई बलपूर्वक आफूकहाँ ल्याएर राख्दैनन्।

- जबसम्म बज्जीका मानिसहरुले धर्मको पालना गर्दै रहनेछन्।

- माथिका कुरा पालना भएसम्म बज्जीहरुको अवनति होइन उन्नति हुँदै जानेछ, तबसम्म कसैले पनि तिनीहरुको नाश गर्न सक्ने छैनन्।

